## विशेष राहत कार्यक्रम संचालनको लागि मौजुदा निर्देशिका र कार्यविधिमा संशोधन

(मन्त्रिपरिषद्बाट स्वीकृत मिति २०६८।०६।१०)

माओवादी जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, जनजाति आन्दोलन, थरुहट आन्दोलन, दलित तथा पिछडावर्ग आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलनमा मृत्युवरण गरेका तथा शहिद, वेपत्ता पारिएका परिवारहरु घाइते तथा अपाङ्गता भएकाहरुको निमित्त राहत प्रदान गर्नको लागि मौजुदा निर्देशिका र कार्यविधिमा देहाय बमोजिम संशोधन गरी विशेष राहत कार्यक्रम संचालन गरिने छ।

### नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०६८

१. संक्षिप्त नाम र प्रारम्भ :
   (१) यस कार्यविधिको नाम "नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०६८" रहने छ।
   (२) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि २०६६ को दफा १.३ को शिर्षकमा "विधवाको लागि आर्थिक सहायता" को सट्टा "विधवा र वेपत्ता पारिएका व्यक्तिका पत्नीका लागि आर्थिक सहायता" राख्ने।

   **बुँदा १.३.१ देहाय बमोजिम थप गरी संशोधन गर्ने :**
   द्वन्द्वको अवधिमा द्वन्द्वको कारण मृत्यु एवं वेपत्ता भई राज्यका तर्फबाट राहत उपलब्ध गराइएका सर्वसाधारण मृतकका विधवा पत्नीलाई र वेपत्ता पारिएका व्यक्तिका पत्नीलाई जीवन निर्वाहका लागि आर्थिक सहायता स्वरुप एकमुष्ट रु.२५,०००।- (पच्चिस हजार मात्र) उपलब्ध गराउनेछ।

   वेपत्ता पारिएका व्यक्तिका पत्नीको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले आवश्यक छानविन गरी त्यस्तो आर्थिक सहायता बैंक मार्फत उपलब्ध गराइनेछ। यो रकम जिल्ला प्रशासन कार्यालयले शान्ति तथा पुनर्निर्माण मन्त्रालयले पठाएको अख्तियारीबाट प्रदान गरिनेछ।

३. नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०६६ को दफा ८ मा संशोधन : नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०६६ (यस पछि मूल कार्यविधि भनिएको) को दफा ८ को शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छ " ८ मृत्युवरण गरेकातथा शहिद र वेपत्ता पारिएका व्यक्तिको हकदारलाई प्रदान गरिने राहत"।

४. मूल कार्यविधिको प्रकरण ८.१ मा संशोधन : मूल कार्यविधिको प्रकरण ८.१ को सट्टा देहायको प्रकरण ८.१ राखिएको छ।

८.१ विस्तृत शान्ति सम्झौता भन्दा पछिको अवधिका नागरिक आन्दोलनका क्रममा भएका बन्द, हड्ताल नागरिक उपद्रव, (अनियन्त्रित भीड वा हुलदंगा) सशस्त्र द्वन्द्व वा सो संग सम्बन्धित घटनाका क्रममा कुनै व्यक्तिको हत्या वा मृत्यु भएमा वा कुनै व्यक्तिलाई वेपत्ता पारिएमा नेपाल सरकारले देहाय बमोजिमको रकममा नबढ्ने गरी त्यसरी मारिएको वा वेपत्ता पारिएको व्यक्तिको नजिकको हकदारलाई राहत प्रदान गर्न सक्नेछ :-

(क) सुरक्षाकर्मीको कारवाहीमा परी सर्वसाधारणको मृत्यु भएमा - एक लाख पचास हजार रुपैयासम्म तर सुरक्षाकर्मी माथि आक्रमण गर्ने क्रममा सुरक्षाकर्मीको कारवाहीमा परी मृत्यु भएमा यस्तो राहत दिइनेछैन।

(ख) द्वन्द्वरत सशस्त्र समूह वा व्यक्तिको कारवाहीमा परी सर्वसाधारणको मृत्यु भएमा वा सुरक्षाकर्मी र सशस्त्र समूहबीचको भिडन्त वा झडप हुँदा निर्दोष सर्वसाधारणको मृत्यु भएमा वा बम बिस्फोटन, वारुदी सुरङ्ग वा विद्युतीय धरापमा परी सर्वसाधारणको मृत्यु भएमा वा बन्द, हड्ताल, मधेश/तराई आन्दोलन, जनजाति आन्दोलन, थरुहट आन्दोलन, दलित तथा पिछडावर्ग आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलन, नागरिक उपद्रव वा राजनैतिक झडपमा परी सर्वसाधारणको मृत्यु भएमा-एक लाख पचास हजार रुपैंया सम्म।

(ग) खण्ड (क) र (ख) बमोजिमको घटनाको क्रममा वेपत्ता पारिएकोमा- एक लाख पचास हजार रुपैया सम्म।

(घ) यस अघि राहत स्वरुप रकम प्राप्त गरिसकेका व्यक्तिका हकदारलाई माथि उल्लेख भए बमोजिमको रकम उपलब्ध गराइने छैन।

५. मूल कार्यविधिको प्रकरण ८.३ मा संशोधन : (१) मूल कार्यविधिको प्रकरण ८.३ को- (१) खण्ड (क) र (ख) मा रहेको "मारिएका" भन्ने शब्दको पछि "तथा शहिद र वेपत्ता पारिएको" भन्ने शब्दहरु थप गरिएका छन् ।
(२) खण्ड (च) मा रहेको "मृतकको" भन्ने शब्दको सट्टा "मृत्युवरण गरेका तथा शहिद र वेपत्ता पारिएका व्यक्तिको" भन्ने शब्दहरु राखिएका छन् ।

६. मूल कार्यविधिको दफा १० मा संशोधन : मूल कार्यविधिको दफा १० को प्रकरण १०.१ मा रहेको "बन्द" भन्ने शब्द भन्दा अगाडि "तराई मधेश आन्दोलन, जनजाति आन्दोलन, थरुहट आन्दोलन, दलित तथा पिछडावर्ग आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलन" भन्ने शब्दहरु थप गरिएका छन् ।

७. मूल कार्यविधिको प्रकरण १०.७ मा संशोधन : मूल कार्यविधिको प्रकरण १०.७ पछि देहायको प्रकरण १०.८ थप गरिएको छ :-
"१०.८ - प्रकरण १०.१ र १०.६ बमोजिम राहत प्रदान गर्न आवश्यक रकम अर्थ मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई उपलब्ध गराउने छ ।"

**मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६८**

१. संक्षिप्त नाम र प्रारम्भ :
(१) "यस निर्देशिकाको नाम मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका २०६८" रहने छ ।
(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका २०६५ को दफा १६ पछिको दफा १७ थप गर्ने ।

दफा १७ विशेष राहत सम्बन्धी व्यवस्था : यो निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मृत्युवरण गरेका व्यक्तिका हकदारलाई जुनसुकै स्रोत वा निकायबाट आर्थिक राहत स्वरुप अधिकतम रु.दश लाख सम्म उपलब्ध गराईने छ । सो मध्ये हाल सम्म जुनसुकै श्रोत वा निकायबाट रु.तीन लाख भन्दा बढी प्राप्त नगरेको तर रु. एकलाखसम्म प्राप्त गरिसकेका मृत्युवरण गरेका व्यक्तिका हकदारलाई रु. तीन लाख नपुगेसम्म बढीमा रु. दुईलाखसम्म थप आर्थिक सहायता उपलब्ध गराईनेछ ।

यसमा विधवा वा एकल महिलाले नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ बमोजिम बुझिलिएको रु.पच्चीस हजार गणना गरिने छैन ।

**बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६८**

१. संक्षिप्त नाम र प्रारम्भ :
(१) यस निर्देशिकाको नाम "वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका २०६८ रहने छ ।
(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका २०६५ को दफा १४ पछि देहायको दफा १५ थप गर्ने :

दफा १५ : **विशेष राहत सम्बन्धी व्यवस्था :** यो निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वेपत्ता पारिएका व्यक्तिका हकदारलाई जुनसुकै स्रोत वा निकायबाट आर्थिक राहत स्वरुप अधिकतम रु.दश लाख सम्म उपलब्ध गराईने छ । सो मध्ये हाल सम्म जुनसुकै श्रोत वा निकायबाट रु.तीन लाख भन्दा बढी प्राप्त नगरेको तर रु. एकलाखसम्म प्राप्त गरेका वेपत्ता पारिएका व्यक्तिका हकदारलाई रु. तीन लाख नपुगेसम्म बढीमा रु. दुई लाख सम्म थप आर्थिक सहायता उपलब्ध गराईनेछ ।

वेपत्ता पारिएका व्यक्ति पत्नीले नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ बमोजिम बुझिलिएको रु. पच्चीस हजार गणना गरिने छैन ।